आज मिति २०७५ साल पौष १६ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र वहादुर चन्दको अध्यक्षतामा तपसिल वमोजिमको उपस्थितीमा कार्यपालिका वैठक वसी तपसिल वमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र वहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीत बहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री मान ब ठाडा, (सदस्य सचिव)नि. प्रमुख प्रशासकीय अधिकृत
श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री कुल बहादुर खड्का, ना.सु.
श्री अनिल चपाई, सूचना प्रविधि अधिकृत
श्री राज बहादुर रोकाय, योजना शाखा
श्री विजय कुमार [illegible]

**प्रस्ताव नं १ : चौमासिक समिक्षा सम्बन्धमा ।**

निर्णय नं. १ : उल्लेखित प्रस्तावको सम्वन्धमा व्यापक छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७५/०७६ सालको प्रथम चौमासिक अवधिको समिक्षाको प्रतिवेदन मिति २०७५/९/२६ गते प्रस्तुत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : नक्सापास सम्बन्धमा ।**

निर्णय नं. २ : यस नगरपालिकाको नक्सापास सन्दर्भमा भवन मापदण्ड बमोजिम वनेका तर प्रक्रियामा नआएका घरहरुलाई नियमानुसार जरिवाना लिई नक्सापास प्रक्रिया अघि वढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : खसी बोका तथा पशुजन्य निकासी कर तथा कवाडी सामाग्री निकासी सम्बन्धि सूचना प्रकाशन गर्ने सम्बन्धमा ।**

निर्णय नं. ३ : यस नगरपालिकाबाट खसी बोका निकासी सम्वन्धी प्रति खसी बोका तथा कवाडी सामाग्री सम्बन्धि निकासीको अवस्था अध्ययन गरी प्रतिवेदन पेश गर्ने सम्वन्धमा ५ सदस्यीय अध्ययन समिति गठन गर्ने र ५ दिनभित्रमा प्रतिवेदन दिन निर्देशन दिनृ निर्णय गरियो साथै समितिको प्रतिवेदन अध्ययन गरी सूचना प्रकाशन गर्ने जिम्मा प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो ।

संयोजक : मान ब बुढा, वडा नं. १० अध्यक्ष

सदस्य : हरि प्रसाद कडेँल, वडा नं. १२ अध्यक्ष

सदस्य : प्रेम ब सारु मगर, वडा नं. ५ अध्यक्ष

सदस्य : मान ब ठाडा, लेखाअधिकृत

सदस्य : कुल बहादुर खड्का, ना.सु.

**प्रस्ताव नं. ४ : वडाको अतिथी सत्कार सम्बन्धमा ।**

निर्णय नं. ४ : यस नगरपालिकाको वडा कार्यालयको अतिथी सत्कार सम्बन्धमा मासिक रु ४ हजारका दरले श्रावण महिनादेखि लागू हुने गरी आ.व. २०७४।०७५ को वचत चालू रकमबाट खर्च गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : सिफारिस गर्ने सम्बन्धमा ।**

निर्णय नं. ५ : यस नगरपालिकाको वडा नं. ५ मा बबई हात्तिखाल र गेरुवानीको बिचमा पर्ने बुलबुलेमा फिल्ड निर्माणका लागि भेरी बबई डाईभर्सनको सुरुङबाट आएको माटो पटान गरी खेलकुद फिल्ड निर्माणका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : विद्युतिय हाजिरी सम्बन्धमा ।**

निर्णय नं. ६ : यस नगरपालिका, वडा कार्यालय, स्वास्थ्य चौकी तथा नगरभरीका सबै माविहरुमा विद्युतिय हाजिरी लागू गर्ने निर्णय गरियो । उक्त खर्च मेसीनरी औजार तथा आ.. २०७४।०७५ को मौज्दात रकम शिर्षकबाट गर्ने निर्णय गरियो ।

तपसिल

**प्रस्ताव नं. ७ : ठेक्का गर्ने सम्बन्धमा ।**

निर्णय नं. ७ : यस नगरपालिकाका आ.व. २०७३।०७४ का अधुरा योजनाहरु सम्पन्न गर्नका लागि ठेक्का प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

तपसिल

क) प्रसेनी लेखहात्ति सडक निर्माण

ख) कालिदमार लेख हात्तिखाल सडक निर्माण

ग) सानो हर्रे बाघखोर बाईसघाटे रोड, कटिङ, ग्याबिन, वाल, ग्रावेल

घ) रामघाट रिङरोड

Scanned by CamScanner

ङ) ओखलढुंगा मनादीचौर ग्रिनपार्क पानी ढल रोड निर्माण

**प्रस्ताव नं. ८ : प्रहरी चौकी स्थापना सम्बन्धमा ।**

निर्णय नं. ८ : तपसिल बमोजिमका स्थानहरुमा स्थायी प्रहरी चौकी स्थापनाका लागि प्रदेश सरकारमा आग्रह गर्ने निर्णय गरियो ।

तपसिल

क) वडा नं ८

ख) वडा ६ र ७ को झिंनी

ग) वडा नं १,२,३ को कालपानी

घ) वडा नं. ९ जहरे विटलाई स्थायी गर्ने

ङ) वडा नं ५ भर्लेनी

**प्रस्ताव नं. ९ : खेलकुद रकम सम्बन्धमा ।**

निर्णय नं. ९ : वडा नं. ४ को खेलकुदको रकम सम्बन्धमा व्यापक छलफल गर्दा वडा कार्यालयबाट सिफारिस भई आएमा सम्झौता प्रक्रिया अगाडि वढाई भुक्तानी दिइने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : नविकरण सम्बन्धमा ।**

निर्णय नं. १० : यस नगरपालिकाबाट आ.व. २०७३।०७४ मा तीन आर्थिक वर्षका लागि भएको खुल्ला प्रतिष्पर्धाबाट छनौट भएको छाँया एड्भटाईजिङले यस आ.व. का लागि नविकरण गरिपाउँ भनी पेश गरेको निवेदन उपर छलफल हुँदा नियमानुसार नविकरण गर्ने निर्णय गरियो ।

Scanned by CamScanner